निर्वाचन आयोग, नेपाल

# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## निर्वाचन अधिकृतको कार्यालय, सुनसरी

### प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३

दुहवी, सुनसरी

प.सं. ०८२।८३
च.नं. ३६

मिति:२०८२।११।११

श्री मुख्य निर्वाचन अधिकृतको कार्यालय, सुनसरी।

श्री जिल्ला निर्वाचन कार्यालय, सुनसरी।

**विषय: प्रतिनिधि सभा सदस्य निर्वाचनमा खटिने जनशक्तिको विवरण पठाइएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा मिति २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का लागि प्रतिनिधि सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ९ बमोजिम यस जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ को निर्वाचन क्षेत्रमा रहेका १४६ वटा मतदान केन्द्रमा खटिने सम्पूर्ण कर्मचारीहरुको नामावलीको सफ्टकपी यसै पत्रसाथ संलग्न संलग्न गरी तहाँ कार्यालयको इमेल ठेगानामा पठाइएको बेहोरा अनुरोध छ।

११।११

पदमबहादुर कार्की
(निर्वाचन अधिकृत)

निर्वाचन अधिकृत



CamScanner

निर्वाचन आयोग, नेपाल

# प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## निर्वाचन अधिकृतको कार्यालय, सुनसरी

### प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३

दुहवी, सुनसरी

प.सं. ०८२।८३

मिति:२०८२।११।११

**मतदान केन्द्रमा खटिने जनशक्तिको विवरण प्रकाशन गरिएको सूचना!**

उपरोक्त सम्बन्धमा मिति २०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ का लागि प्रतिनिधि सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ९ बमोजिम यस जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ को निर्वाचन क्षेत्रमा रहेका १४६ वटा मतदान केन्द्रमा खटिने सम्पूर्ण कर्मचारीहरुको नामावली प्रकाशन गरिएको बेहोरा जानकारीका लागि अनुरोध छ।

मतदान केन्द्रमा खटिनुभएका मतदान अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुको नियुक्तिपत्र मिति २०८२ फागुन १४ गते बिहान १०:०० बजेदेखि **पशु सेवा तालिम केन्द्र, दुहवी, सुनसरीमा** रहेको निर्वाचन अधिकृतको कार्यालयबाट वितरण गरिने भएकोले परिचयपत्रसहित उपस्थित हुन एवम् कर्मचारीहरुको सुविधा, दैनिक तथा भ्रमण भत्ता लगायतका विविध खर्च विद्युतीय भुक्तानी प्रणालीमार्फत गरिने भएकोले पछिसम्म फरक नपर्ने गरी **स्थायी लेखा नम्बरको प्रतिलिपि, बैङ्क खाता नं. स्पष्ट बुझिने चेकको प्रतिलिपि** तत्कालका लागि यस कार्यालयका सहलेखापाल श्री दिपेश खवास भुजेलको **Whatsapp** नम्बर ९८५२०८५१६६ मा पठाई नियुक्तिपत्र बुझ्न आउँदासमेत सो कागजात अनिवार्य लिई यस कार्यालयमा उपस्थित हुन समेत सूचित गरिन्छ।

**तालिम सम्बन्धमा जानकारी: (मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा जगेडा सूचीमा रहेका मतदान अधिकृत एवम् सहायक मतदान अधिकृत समेत)**

| सि.नं. | तालिम हुने मिति | स्थान | समय | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | २०८२।११।१५ | शारदा मा.वि., इनरुवा-५, बलाहा | बिहानको १०:०० बजे | ९८५२०६५०१३ ना.सु. कुमारी आचार्य, (जिल्ला निर्वाचन कार्यालय, सुनसरी) |

**पुनश्चः उल्लिखित विवरणमा कुनै द्विविधा भए तपसिलमा उल्लिखित कर्मचारीहरुलाई सम्पर्क गर्नहुन समेत जानकारी गराइन्छ।**

१) सरोज भट्टराई (सहायक निर्वाचन अधिकृत) - ९८५२६८१५३५

२) विष्णुकुमार चौधरी (नायब सुब्बा) - ९८४२३४२६१९

११।११

पदमबहादुर कोर्की

(निर्वाचन अधिकृत)

निर्वाचन अधिकृत



CamScanner